# हिंसा प्रभावित महिला तथा बालिकाहरुहरुका लागि उपमेयर अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र संचालन कार्यविधि, २०७६

**नगर कार्यपालिकाबाट पारित मितिः २०७६.०५.१२**

**प्रस्तावनाः**

**घरेलु तथा लैंगिक हिंसा** सामाजिक चिन्ता बनिरहेको छ । हाम्रो समाजमा हिंसाबाट प्रायः महिला र बालिकाहरु नै प्रभावित हुने गरेका छन् । कतिपय घरेलु हिंसाबाट **प्रभावित महिला** एक्कासी घरबाट निकालिने गरेको र कहीँ कतै थात-बास नपाएर झन् जोखिममा पर्नुपरेको अवस्था पनि छ । जहाँ र जो बाट महिला र बालिकाहरु सबैभन्दा बढी सुरक्षित हुनु पर्ने हो उनैबाट महिला तथा बालिकाहरुले प्रताडित हुनुपर्ने स्थिति कदापि हुनुहुँदैन । हिंसा विकासको बाधकका रुपमा परिचित छ तसर्थ महिला हिंसाविरुद्ध शून्य सहनशीलता हुनु पर्दछ । महिला स्वयम्ले, परिवारका सज्जनले अनि समुदायका सबैले अन्यायको प्रतिकार गर्नु पर्दछ । सँगसँगै **प्रभावित महिला र बालिका**लाई तत्काल संरक्षण गर्ने, न्याय दिलाउने र उनकै पक्ष मापारिवारिक मेलमिलाप कायम गराउने तर्फ पनि त्यतिकै ध्यानदिनु पर्ने भएको छ ।

घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ तथा सो को नियमावली २०६७, नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेको व्यवस्थानुसार तुलसीपुर उपमहानगरपालिकाले विशेषगरी यस उपमहानगरपालिकाको कार्यक्षेत्र भित्र र उपमहानगरपालिकामा वसी सेवा लिनुपर्ने गरी अन्य निकायवाट आपतकालिन अवस्थामा सम्प्रेषण भई आएका लैगिक हिंसाबाट पीडित महिला तथा बालिकाहरु लाई तत्काल अल्पकालिन सेवा, सुविधा पुऱ्याउनको लागि सेवाकेन्द्र संचालन कार्यक्षेत्रगत शर्त, २०६६ र अल्पकालिन सेवा केन्द्रको नमुना कार्यक्षेत्रगत शर्त, २०७४ को अधिन एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोगगरी **उपमेयर अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र** संञ्चालन कार्यविधि,२०७६ स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिकः

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम हिंसा पिडित महिला तथा बालिकाहरुका लागि "**उपमेयर अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र संचालन** कार्यविधि २०७६" रहेको छ ।

(ख) यो मापदण्ड तुलसीपुर उपमहानगरपालिकाको प्रमुख ज्यूबाट प्रमाणिकरण भएपछि लागु हुनेछ ।

**२. परिभाषाः**

विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ।

(ख) "लैंगिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसै प्रति शारीरिक, यौन जन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनु पर्दछ र सो शव्दले लिंगको आधारमा हुने वाहुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ।

(ग) "समन्वय समिति"भन्नाले कार्यविधिको दफा १२ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

(घ) "स्थानीय तह" भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई सम्झनु पर्ने छ।

(ङ) "सेवा केन्द्र" भन्नाले हिंसा प्रभावित महिला तथा बालिकाहरुको लागि उपमेयर अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र सम्झनु पर्ने छ।

## परिच्छेद-२

### २. उद्देश्य

(क) हिंसा तथा जोखिम अवस्थामा रहेका वा उद्धार गरिएका महिला तथा बालिकालाई संरक्षकको व्यवस्था मिलाउने।

(ख) संरक्षणमा लिएका पिडितलाई मनोसामाजिक बिमर्श, पारिवारिक पुनरमिलन लगायतका सेवा उपलब्ध गराउने।

### ३. कार्यक्षेत्र

समन्वय समितिले अन्यथा तोकेकोमा बाहेक

(क) तुलसीपुर उपमहानगरपालिकाको क्षेत्र यस सेवाकेन्द्रको कार्य क्षेत्रहुनेछ;

(ख) यस उपमहानगरपालिका भन्दा वाहिरका नागरिक यसै क्षेत्रभित्र समस्या परी आएमा सम्बन्धित स्थानीय तह संग समन्वय गरी कार्य गरीनेछ।

### ४. कार्य जिम्मेवारी

उपमहानगरपालिका स्तरीय सेवा केन्द्रहरूको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ। सेवा केन्द्र उपमहानगरपालिकाको कार्यालय भएकै वडा वा नजिकको जोडिएको वडा भित्र रहनेछ। सेवा केन्द्रको क्षेत्रमा देहायका कार्यहरू पर्नेछन् :

(क) निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका लागि स्वीकृत मापदण्ड मुताबिकको बस्ने-खाने व्यवस्थाभएको सुरक्षित अल्पकालिन आश्रय सञ्चालन गर्ने;

(ख) खण्ड (क) बमोजिम आरक्षित महिलाले निजको अवस्था अनुसार प्राप्त गर्नुपर्ने निम्न लिखित सेवाहरू प्रदान गर्ने :

(१) लागेको चोटपटकको औषधोपचार;

(२) मनोसामाजिक विमर्श;

(३) न्यायमा पहुँच दिलाउन आवश्यक कानुनी परामर्श एवं सेवा;
(४) कानुन कार्यान्वयन गर्ने निकायहरूसँग सम्पर्क सेवा
(५) परिवार तथा समुदायमा पुर्नस्थापना हुने सेवा र
(६) न्यायिक समितिले तोकेका अन्य सेवा;

(ग) सुरक्षित आश्रय आवश्यकन पर्ने तर खण्ड (ख) मा उल्लिखित सेवा आवश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका हकमा पनि भनिएका सेवा दिने;

(घ) सेवा प्राप्त प्रभावित महिलालाई हकभोग, पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनःस्थापना लगायतमा समुदायस्तरबाट हुनुपर्ने सहजीकरणका लागि सम्प्रेषक तह वा निकायलाई सेवा केन्द्रले खबर गरी फिर्ता सम्प्रेषण गर्ने;

(ङ) खण्ड (घ) बमोजिम फिर्ता सम्प्रेषित प्रभावित महिलाको अवस्था अनुशरण (Follow-up) गर्ने;

(च) यस क्षेत्रमाकार्य गर्ने सेवाप्रदायक तथा सरोकारवालाहरुले सेवा केन्द्रसँग निरन्तर सम्पर्क स्थापना, अन्तरक्रिया र समन्वय गर्ने;

(छ) विभिन्न सेवामा प्रभावित महिलाको पहुँच स्थापना गर्न जिल्लास्तरीय सेवा-प्रदायकमाझ अधिवाचन एवं सञ्जालीकरण गर्ने;

(ज) प्रत्येक महिना प्राप्त भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन तयार पार्ने र उपमहानगरपालिका महिला बालबालिका तथा सामाजिक विकास शाखामा पेश गर्ने ।

(झ) सेवाकेन्द्रको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यकभई न्यायीक समितिले तोकेका अन्यकार्य गर्ने ।

**५. सामुदायिक सेवा केन्द्र**

उपमहानगरपालिका अन्तरगतका वडाहरुमा घरेलु हिंसा र लैंगिक हिंसा पिडित महिलाहरुका लागि समुदायस्तरीय सेवा केन्द्रको आवश्यकता महशुस भएमा वडास्तरमा समुदायस्तरको सेवा केन्द्रहरु विकास गर्न सकिनेछ । उक्त समुदायस्तरको सेवाकेन्द्रहरुको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ ।

(क) परामर्श बैठक, अन्तरक्रिया, दिवसीय समारोह जस्ता माध्यमबाट घरेलु ज्यादती विरोधी सामाजिक जागरुकता बढाउने;

(ख) घरेलु हिंसाको रोकथामका लागि अनि घटना घटी हालेको खण्डमा छिमेकीका नाताले प्रभावित महिलाको पक्षमा पारिवारिक मेलमिलाप कायम गराउनपहल गर्ने;

(ग) गम्भीर प्रकृतिको घटना भएको वा खण्ड (ख) बमोजिम पारिवारिक मेलमिलापको पहल व्यर्थ भएको खण्डमा प्रभावित महिलालाई तत्काल संरक्षणमा लिएर आवश्यकता अनुसार राहत, औषधोपचार एवं सुरक्षित अल्पकालिन आश्रयमा बस्ने-खाने व्यवस्था मिलाउने;

(घ) देहायको अवस्थामा प्रभावित महिलालाई नगरस्तरीय सेवा केन्द्रमा सम्प्रेषण गर्ने :
(१) लागेको चोटपटक स्थानीय स्वास्थ्य केन्द्रमाउपचार हुननसक्ने भएमा;

(२) मनोसामाजिक विमर्शकर्ता आवश्यक परेमा;

(३) प्रभावित महिलाले प्रचलित कानुन बमोजिमको उपचार चाहेमा र

(४) न्यायीक समितिले तोकेको अन्य अवस्था भएमा ।

(ङ) प्रचलित कानुन बमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गर्नुपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण र उपचारका बाटाबारे **प्रभावित महिला**लाई परामर्श दिनुका साथै आवश्यकता अनुसार त्यसमा मद्दत गर्ने;

(च) नगरस्तरीय सेवा केन्द्रबाट फिर्ता सम्प्रेषित **प्रभावित महिला**को अवस्था अनुसार हकभोग, पारिवारिक पुनर्मिलन तथा घटनाको पुनरावृत्ति नहोस् भनी अनुशरण लगायतमा यथाशक्य सहजीकरण गर्ने;

(छ) पारिवारिक पुनर्मिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केही पनि नभएको **प्रभावित महिला**काहकमा **जीविकोपार्जन अनुदान**को रूपमा आर्थिक सहायता दिने;

(ज) नगरस्तरको सेवा केन्द्रमा सम्प्रेषित **प्रभावित महिला**को निरन्तर सोधीखोजी गरी निजको अवस्थाअनुसार नगरस्तरीय सेवा केन्द्रलाई आवश्यकता अनुसार सहयोग जुटाउने;

(झ) नगरस्तरीय सेवा केन्द्रले तोकेको ढाँचामा मासिक भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन गर्ने र

(ञ) सेवाकेन्द्रको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई न्यायिक **समिति**ले तोकेका अन्य कार्य गर्ने ।

**६. सम्प्रेषण**

सेवा केन्द्रको सेवाप्राप्त गर्न **प्रभावित महिला**ले निवेदन दिनु पर्ने हुन्छ र यदि सम्प्रेषण भएर आएको रहेछ भने सम्प्रेषकको तर्फबाट सिफारिस गरिएको हुनुपर्दछ । प्रभावित महिलाको पारीवारीक पुर्नमिलन वा समुदायमा पुर्नमिलन हुने भएमा उक्त प्रभावित महिलालाई एक्लै पठाउनु हुंदैन ।

**७. अवधि**

प्रभावित महिलाकाहकमा देहाय अनुसारको अवधि सम्ममात्र सुरक्षित अल्पकालिन आश्रयमा राख्न सकिनेछ :

(क) नगरस्तरीय सेवा केन्द्रअन्तर्गत ४५दिनसम्म र

(ख) विशेषअवस्था परी न्यायिक **समिति**ले विशेष निर्णय गरेकोमा नगरस्तरीय सेवाकेन्द्र अन्तर्गत थप १५ दिनसम्म ।

(ग) सेवा अवधिको विषयमा जुनसुकै कुरा उल्लेख भएतापनि पिडितले न्याय नपाउँदा सम्म वा समुदायमा पुर्नस्थापना नहुँदा सम्म वा अन्य कुनै जटिल समस्या समाधानका लागि समन्वय समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

नगरस्तरीय सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा प्रभावित महिलालाई माथि उल्लिखित अवधि सम्म एकैपल्ट वा पटक-पटक गरेर पनि राख्न सकिनेछ । प्रभावित

महिलाको साथी आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपल्ट वा पटक-पटक गरेर ७ दिनसम्म सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालिन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ । साथै प्रभावित महिला संग बालबालिका भएमा १० वर्ष मुनीका बाल बालिकालाई साथमै राख्न सकिनेछ भने १० वर्ष भन्दा माथिको बालक भएमा अन्य व्यवस्था गर्नुपर्नेछ ।

उपर्युक्तानुसार नगरस्तरीय सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालिन आश्रयमा बस्ने अवधि गणना गर्दा चोटपटकको उपचारका सिलसिलामा अस्पतालमा बिताएको दिन जति कटाउन सकिनेछ ।

## परिच्छेद-३

### ८. न्यूनतम मानदण्ड

#### ८.१ नगरस्तरीय सेवा केन्द्र

**(क) परिसर**

आवास गृह परिसर देहायबमोजिम हुनुपर्दछ :

(१) चारैतिरबाट  कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको;

(२) हाताभित्र गृहअनुसारको खुल्ला ठाउँ रहेको;

(३) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र

(४) सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान ।

**(ख) आवास गृह**

आवास गृह देहायका सुविधासम्पन्न हुनुपर्दछ :

(१) दुवैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरू;

(२) एकजना भए प्रतिव्यक्ति ६४ वर्गफिट र दुई वा बढी भए प्रतिव्यक्ति ५० वर्गफिटको कोठा क्षेत्रफल (च्यफ क्उबअभ);

(३) प्रत्येकका लागि छुट्टाछुट्टै खाट;

(४) प्रभावित बालबालिकाका लागि अलग्गै कोठा;

(५) भुईंमा उपयुक्त दच्छेना, झ्यालमा पर्दा र राखन-धरन, लेखापढी गर्न आवश्यक फर्निचर;

(६) मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागि छुट्टै कक्ष;

(७) मनोरञ्जन, अन्तरक्रिया र आमोद प्रमोदकालागि साझाकक्ष (Common Room);

(८) शौचालय तथा स्नानकक्ष;

(९) सुविधा उपलब्ध भएका स्थानमा साझा टेलिफोन र टेलिभिजन;

(१०) ठाउँ हेरी पङ्खा, हिटर;

(११) स्रोत हेरी पर्याप्तपानी;

(१२) नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादि;

(१३) तल्लापिच्छे अग्नि नियन्त्रण उपकरण र

(१४) सुरक्षाका लागि आवश्यकता अनुसार पालो पहरा ।

**(ग) लुगाफाटो**

प्रभावित भएका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ :

(१) दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोलसमेत एक-एक थान ओड्ने ओछ्याउने विस्तरा;

(२) एक-एक जोर चप्पल र

(३) नभएकालाई एकसरो लगाउने लुगा ।

**(घ) खानेकुरा**

दैनिक खानेकुराको व्यवस्था समन्वय समितिले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहाय बमोजिम हुनुपर्दछ :

(१) विहान चियासँगै खाजा;

(२) दिउँसो खाना;

(३) अपरान्ह खाजासँगै चिया;

(४) बेलुकी खाना;

(५) मांसाहारीका लागि सातामा दुईपल्ट माछामासु तथा शाकाहारीका हकमा सोको मूल्य बराबरी दूध, दही, फलफूल र

(६) उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।

**(ङ) स्वास्थ्योपचार**

न्यायीक समितिले तोकेको अस्पतालमा संरक्षणमा लिइएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनु पर्दछ । स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ :

(१) प्राथमिक उपचार बाकस;

(२) समस्या हेरी नियमित उपचार;

(३) आकस्मिक उपचार र

(४) बालबालिकाका हकमा उमेरअनुसार लगाउनुपर्ने खोप ।

**(च) मनोसामाजिक विमर्श**

न्यायीक समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शकर्ता (Counsellor) बाट देहाय बमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ :

(१) संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा;

(२) संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र

(३) सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

**(छ) कानुनी सेवा**

देहायमा उल्लिखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ :

(१) प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा र

(२) प्रभावित महिलाले प्रचलित कानुन बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

**(ज) सञ्चालन**

केन्द्रका सेवाहरूको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ :

(१) **प्रभावित महिला**लाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिता;

(२) **प्रभावित महिला**को पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध;

(३) आवास गृहमा भेटघाट कक्षभन्दा उता बस्ने अनुमतिप्राप्त अनि चिकित्सक, सफाइकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही र

(४) समन्वय **समिति**ले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरी पेटिकाको व्यवस्था ।

**(झ) जनशक्ति**

केन्द्रमा महिलालाई प्राथमिकता दिई देहाय बमोजिमको प्रशिक्षित जनशक्ति हुनुपर्दछ :

(१) केन्द्र प्रमुख : एकजना

(२) सहयोगी : एकजना

(३) चौकीदार : दुईजना

(४) मनोसामाजिक विमर्शकर्ता र कानुनी सल्लाहकार भनेका बेला उपलव्ध हुने गरी सम्पर्कमा ।

**(ञ) अभिलेख**

केन्द्रले देहायबमोजिम अभिलेख राख्नुपर्दछ :

(१) **प्रभावित महिला**को नाम दर्ता किताब;

(२) संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब;

(३) **प्रभावित महिला**को व्यक्तिगत गोप्य फाइल;

(४) दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात;

(५) समन्वय **समिति**को निर्णय किताब;

(६) स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र

(७) **न्यायीक समिति**ले तोकेको अन्य अभिलेख ।

## परिच्छेद-४

९. **खर्चका मानक**

**९.१ नगरस्तरीय सेवा केन्द्रः** सेवा केन्द्रबाट सेवाप्रदानगर्दा देहायको प्रयोजनमा देहाय बमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ ।

**(क)** **घर भाडा**ः सुरक्षित अल्पकालीन आश्रयकालागि लिइने घरको भाडाबापत समन्वय **समिति**ले घर हेरी चलनचल्ती अनुसार स्वीकृत गरेको रकम;

**(ख)** **मालसामान**ः कार्पेट, पर्दा, खाट, टेबुल,विस्तरा, भाँडाकुँडा, टेलिभिजन, खातापाता लगायतका स्थापनाका लागि आवश्यक खप्ने मालसामान मध्ये हाल फेर्नु वा थप गर्नुपर्ने भए शैया क्षमता समेतको विचार गरी उपमहानगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत समन्वय **समिति**ले औचित्यका आधारमा स्वीकृत गरेको रकम;

**(ग)** **औषधोपचार** : समन्य समितिले तोकेको अस्पतालमा उपचार गराउँदाृबिरामीतथा कुरुवा समेतको जोडेरे निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

(१) सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत बढीमा जम्मा रु. ५००० सम्म,

(२) अस्पतालमै भर्ना भई उपचार गराउँदा पुर्‍याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्चबापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु.५०० खर्च गर्न सकिने छ ।

(३) विशेष अवस्थामा समन्वय समितिले विशेष निर्णय गरेकोमा थप रु. ६,००० सम्म थप्न सक्नेछ ।

**(घ)** **कानुनी उपचार** : एक जना साथीसमेत अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवाबापत ृसाथीसमेतको जोडेरे निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

(१) सामान्य अवस्थामा प्रतिव्यक्ति रु. २,५०० सम्म;

(२) विशेष अवस्थामा समन्वय समितिले विशेष निर्णय गरेकोमा थप रु. २,५०० सम्म;

(ङ) फुटकर : अल्पकालीन आश्रयमा रहेको दिनजति प्रभावित महिलालाई मात्र फुटकर खर्च बापत प्रति व्यक्ति दैनिक रु. २०;

(च) **फिर्ता सम्प्रेषण** : फिर्ता सम्प्रेषण गर्दा साथी समेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्च बापत प्रतिव्यक्ति रु. ५० र बास बस्नु पर्नेमा बस्ने खाने खर्च बापत प्रतिव्यक्ति दैनिक रु. ५००;

(छ) **खानेकुरा** : अल्पकालिन आश्रयमा रहेको अवधिभरि **प्रभावित महिला** र साथी समेतको खानेकुरामा प्रतिव्यक्ति दैनिक रु. ३००;

(ज) **मनोसामायिक विमर्श** : **प्रभावित महिला**लाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु. ५०० सम्म;

(झ) **बैठक खर्च** : समन्वय समितिले एक वर्ष भरी बैठक सञ्चालन खर्च बापत अधिकतम रु. १,५०,००० ।

(ञ) **कर्मचारी व्यवस्थापन र अन्य प्रशासनिक खर्च**को विषयमा सेवा प्रदायक संस्थाले पेश गरेको सेवा प्रदान सम्बन्धी मनसाय पत्र र प्रस्तावना अध्ययन गरी औचित्यता र आवश्यकताको आधारमा निर्णय हुनेछ ।

(ट) **हिंसा निवारण कोष स्थापना :** लैंगिक हिंसा प्रभावित महिला तथा बालिकाहरुका लागि नगरस्तरमा एक हिंसा निवारण कोष स्थापना गरीनेछ । पहिलो वर्ष कोषमा रु. १,५०,०००। बाट शुरुवात गर्ने उक्त कोषको रकम फ्रिज नहुने गरी निरन्तर सञ्चालन गर्ने गरी कार्यविधि बनाई लागु गरीनेछ ।

(ठ) माथि उल्लेखीत शिर्षकहरुमा विशेष कारणवस खर्च हुनबाट जोगीएको रकम हिंसा निवारण कोषमा समन्वय समितिको निर्णय अनुसार जम्मा गर्न सकिने छ ।

## परिच्छेद-५

### १०. सेवा केन्द्र सञ्चालन :

सेवाकेन्द्र संचालनका लागि यस कार्यविधिमा व्यबस्था भएको समन्वय समितिले स्थानिय सेवाप्रदायक संस्थाहरुसंग समन्वय र साझेदारीगरी कार्यविधिको परिधिमा रहि सेवा प्रदायकहरुबाट प्रस्ताव आह्वान गरी संस्था छनौट कार्य गर्नका लागि आवश्यक सम्झौता गरी सेवा केन्द्र सञ्चालन गरीनेछ ।

### ११. भुक्तानी प्रक्रिया :

उपमहानगरपालिकाले सेवा केन्द्र सञ्चालन गर्ने संस्थासंग सम्झौता गरी कार्य गर्दा भुक्तानी सम्बन्धि व्यवस्था उल्लेख गर्नेछ ।

### १२. समन्वय समितिः

नगरस्तरमा हिंसा प्रभावित महिलाहरुका लागि आवश्यक अल्पकालिन आश्रय स्थललाई व्यवस्थित र प्रभावकारी बनाई कार्य सञ्चालन गर्नका लागि नगरस्तरमा निम्नानुसार सदस्यहरु रहने गरी एक समन्वय समिति गठन गरीने छ । उक्त समन्वय समिति कम्तिमा तीन महिनाको एक पटक बैठक बस्नुपर्नेछ र आवश्यक्ता अनुसार जुनसुकै बेला पनि वस्न सकिने छ ।

| | | |
|---|---|---|
| (क) | नगर उप प्रमुखः | संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| (ग) | सामाजिक विकास समिति संयोजकः | सदस्य |
| (घ) | ईलाका प्रशासन कार्यालय प्रमुखः | सदस्य |
| (ङ ) | इलाकाप्रहरी कार्यालय प्रमुखः | सदस्य |
| (च) | राप्तिप्रादेशिक अस्पताल प्रमुखः | सदस्य |
| (छ) | शिक्षा युवा तथा खेलकुद महाशाखाः | सदस्य |
| (ज) | जनस्वास्थ्य प्रवर्द्धन शाखाप्रमुखः | सदस्य |
| (झ) | न्यायिक समितिको सदस्य सचिवः | सदस्य |
| (ञ) | उच्च सरकारी वकिलकार्यालय प्रमुखः | सदस्य |
| (ट) | महिला बालबालिकाको क्षेत्रमाकार्य गर्ने संघ सस्थाहरु मध्येबाट समन्वय समितिले मनोनित गरेको एक जना | सदस्य |
| (ठ) | महिला बालबालिकाको क्षेत्रमाकार्य गरेको अनुभवी विज्ञको क्षेत्रबाट समन्वय समितिले मनोनित गरेको एकजना | सदस्य |
| (ड) | महिला बालबालिका तथा सामाजिक विकास शाखाप्रमुख | सदस्य सचिव |

मनोनीत सदस्यहरुको कार्यावधि २ वर्षको रहनेछ ।

**१३. सेवा केन्द्रको अनुगमनः**

सेवा केन्द्र संचालन गर्ने सेवा प्रदायक संस्थाले आफूले गरेको कार्यको चौमासिक प्रतिबेदन उपमहानगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

**१४. सेवा केन्द्रको अनुगमनः**

सेवा केन्द्र सञ्चालनको विषयमा समन्वय समितिले अनुगमन नियमन तथा निर्देशन गर्नेछ ।